# खण्डित विद्रोह

विद्रोहका भालेहरूले सिउर उचाल्दै
बास्ने गर्दथे रातको अन्तिम प्रहरमा
सन्नाटा चिर्दै
अन्धकारको अवसानको घोषणा गर्दै
एकमुठी किरण छरेर उज्यालोको रक्तिम
क्षितिजमा
प्रातःले पदार्पण गर्दथ्यो
दिवसको आगमनको पूर्व सङ्केत गर्दै

फणहरू उचाल्दै सर्पहरू आक्रामक मुद्रामा
एउटा युद्धको तैयारीको घोषणा गर्थे
स्तम्भबाट प्रकटित हुन्थे नृसिंह
पैशाचिक प्रवृतिका विरुद्ध
आततायीहरूका विरुद्ध धावा बोल्न
धर्मयुद्ध छेड्न
खड्गले प्रहार गर्न
दिगम्बर नाच्दथे त्रिभुवन थर्काउँदै
भर्खरको गर्भको शिशुको हितको रक्षार्थ
अवलाहरूको हितको रक्षार्थ
पीडितहरूको स्वार्थको रक्षार्थ ।

आकाशबाट कहीँ बज्रपात हुन्थ्यो
सन्निकट र दूर दूरसम्म
धरतीलाई कमाउँदै
वसन्तमा मेघको गर्जनको सृष्टि हुन्थ्यो
सारा भूतप्रेतहरू भाग्दथे
पुरोहित र पादरीहरू
धर्माधिकारीहरू
स्वर्गको आसनमा हलचल मच्चिन्थ्यो
त्रसित देवगण भाग्दथे
बेसम्भार र बेश्याहार सुरा र सुन्दरीहरू
अलपत्र छोडेर ।
शान्ति खलबलिन्थ्यो क्षीर सागरको
नागको कोमल शैयामा
फूलको हत्केलाले पाउ मिचेर
सुखको निन्द्रामा लिप्त सागराधिपतिको
हडबडाउँदै, आत्तिदै उठ्थे

आफूमाथि आसन्न
सङ्कटापन्न स्थितिबोधले ।

अन्धकारको कुन सङ्कीर्ण गल्लीहरूमा
गल्छेडाहरूमा
विद्रोह फसेछ हिजोआज ?

कुन कौडे र अन्कन्टार झाडीहरूमा ?
कुन स्वार्थान्धताको, षडयन्त्रका चक्रव्यूहमा ?

विखण्डन ..... विखण्डन ....... विखण्डन मात्र
विभाजित स-साना टुक्राहरूमा
विभाजित स-साना समुहमा
छिन्नभिन्न
कुन स्वार्थको वशीभूत ?

कुन अस्वस्थ्य चिन्तनका धमिराले
भित्रभित्रै ग्रसित ?

जडता छाएर
किन आत्मसात् गर्न सकेन विद्रोहले
क्रान्तिको विराट् दर्शन ?
जनजनको मुटु उद्वेलित गरेर
जनजनको मुटु स्पर्श गरेर ।

६ ६ ६

## परिचय

एकपटक म नीलो रङ्गको
गहिरो नीलो रङ्गको पोखरीमा डुबेँ
मेरो सर्वाङ्ग नीलाम्य भिज्यो
सौन्दर्यमय र दीप्त
म विशिष्ट भनिन थालेँ
म विशिष्ट गनिन थालेँ
अरुबाट पृथक
तर जब मेरा सजातिहरूले

स्वबन्धुहरूले
मद्वारा उपेक्षित
म़द्वारा अवहेलित
मद्वारा शासित

स्वरमा स्वर मिलाएर, एक सन्ध्या
नारा गुञ्जाउन थाले
स्वभाववश मैले पनि सवर्गी हुनुको परिचय दिएँ
परिचय दिएँ
प्रमाण दिएँ
त्यो नै मेरो पतनको, अवसानको दुर्दिन थियो
दुर्भाग्यका क्षण थियो ।

६ ६ ६